**प्रस्तावहरू**

१. फरफारक सम्बन्धमा ।

२. भू-सेवा केन्द्र संचालन गर्ने सम्बन्धमा ।

३. जोखिम भत्ता सम्बन्धमा ।

४. खर्च अनुमोदन सम्बन्धमा ।

५. भेरिएशन आदेश/परिमाण समायोजन स्वीकृत सम्बन्धम ।

६. ५ बेडको अस्पताल संचालन सम्बन्धमा ।

७. PHB-3 को भवन निर्माण सम्बन्धमा ।

**निर्णयहरू :**

१. प्रस्ताव नं १ उपर छलफल गर्दा कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा फरफारक समितिबाट फरफारक गरिएका निम्न योजनाको फरफारक अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रेकम |
|---|---|---|---|
| १ | सि.सि. क्यामरा विस्तार तथा सोलार बत्ती जडान कार्यक्रम | | २,८७०,०००।- |
| २ | जिल्पु डोल ढल लाईन मर्मत | १० | २,००,०००।- |
| ३ | पैयाँटार लाँकुरीबोट रायटोल मोटरबाटो | ४ | ५,००,०००।- |
| ४ | बाँविसे जाकीडोल वि.पि. राजमार्ग मोटरबाटो स्तरोन्नती | ᳴ | १०,००,०००।- |
| ५ | टोड्के जाने बाटो पहिरो | ११ | २,००,०००।- |
| ६ | लिलावती कुलो सिंचाई मर्मत | | ५,५०,०००।- |
| ७ | खरिबोट ढुंगे साँघु मोटरबाटो स्तरोन्नती कार्य | ८ | ५०,००,०००।- |

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा मालपोत कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलबाट यस नगरपालिकालाई भू-सेवा केन्द्र संचालन गर्न अनुमति प्राप्त भएको जानकारी भयो, भू-सेवा संचालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति लगायत दस्तुरका सम्बन्धमा थप गृहकार्य गरि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा विश्वब्यापी रूपमा फैलिएको COVID-19 माहामारीको नियन्त्रण ब्यवस्थापनको जोखिमपूर्ण कार्यमा खटिने निम्न अनुसारका कर्मचारीहरूलाई सो कार्यमा खटिएको प्रमाणित कागजातका आधारमा ०७७ साउनदेखि मासिक रूपमा देहाय बमोजिम सम्बन्धित खर्च शिर्षकबाट जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश नेपाल

**निर्णय प्रमाणित**

तपशिल :

| | | | |
|---|---|---|---|
| क) स्वाव संकलन गर्ने कर्मचारी | २ जनासम्म | ५० प्रतिशत | मासिक खाईपाई आएको तलबको |
| ख) आईसोलेशन/क्वारेण्टाइन | ४ जनासम्म | ४० प्रतिशत | |
| ग) CICT Team मा काम गर्ने कर्मचारी | ४ जनासम्म | ४० प्रतिशत | |
| घ) नगर स्वास्थ्य शाखामा कार्यरत कर्मचारी | ३ जनासम्म | ३० प्रतिशत | |
| ङ) सरसफाई/ निसंक्रमण गर्ने कार्यालय सहयोगी/सवारी चालक | ४ जनासम्म | ४० प्रतिशत | |

हरि प्रसाद

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा विभिन्न मितिमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | गो.भौ.नं. र मिति | खर्चको विवरण | रकम रू. |
|---|---|---|---|
| १ | १३/०७७।०५।०१ | कालिमाटी खोल्सादेखि भालेश्वर मा.वि सम्म सडक ग्राभेलिंग कार्य | ३०,०००।- |
| २ | १५/०७७।०५।०२ | पनौती त्रिवेणी घाट क्षेत्रमा सरसफाई तथा मर्मत कार्य | २८,४४०।- |
| ३ | १७/०७७।०५।१२ | कपालकोट खानेपानी मर्मत कार्य | ७५,०००।- |
| ४ | २६/०७७।०५।२३ | खोपासी बजार ढल मर्मत, मकैटार सडक ग्राभेलिंग, सल्मिटार सडक ग्राभेलिंग र मर्मत कार्य | १,१४,०७१।- |
| ५ | २६/०७७।०५।२३ | वडा नं. ६ मा पहिरो पन्छाउने कार्य दलिञ्चोक रातमाटे सडक र पुण्यमाता पुल आसपासमा ग्राभेलिंग गर्ने कार्य | ८४,८२०।- |
| ६ | २६/०७७।०५।२३ | वडा नं. ४ मा मंगल मर्मत र ठाडोबाटोमा ग्राभेलिंग कार्य | ६४,५२०।- |
| ७ | ३१/०७७।०५।२६ | पनौती कुशादेवी लुभु लामाटार सडक खण्डको कुशादेवी नयाँपुल खण्डमा ग्राभेलिंग कार्य | ३,००,०००।- |

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा शहरी विकास तथा योजना शाखाबाट तयार भई आएका देहाय अनुसारका योजनाहरूको भेरिएशन आदेश/ परिमाण समायोजन स्वीकृत गर्ने निर्णय गरियो ।

क) नर्सरी नैकिन्टार हाईल्याण्ड सडक स्तरोन्नती कार्य, पनौती-५ संशोधि लागत ईष्टिमेट रू. ४८,१६,५३२।८१

ख) शंखु दाहालटार लिफ्ट खानेपानी योजना, पनौती-१०, संशोधित लागत ईष्टिमेट रू. ५०,३८,६२२।००

ग) मानेदोभान रानीकोट सूर्यविनायक सडक स्तरोन्नती कार्य पनौती-१ संशोधित लागत ईष्टिमेट रू. ६८,६१,३६६।[illegible]

घ) एकिकृत खानेपानी (वृहत) योजना, पनौती-१२ संशोधित लागत ईष्टिमेट रू. ५४,००,५१२।६८

ङ) लिलावती सिंचाई स्तरोन्नती कार्य, पनौती-४, संशोधित लागत ईष्टिमेट रू. ४८,१३,०५८।१८

च) पनौती बाँसडोल भैसेपाटी सडक, संशोधित लागत ईष्टिमेट रू. ३३,५८,८४०।१२

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आ.प्र. शाखाको मिति ०७७।०५।२३ को पत्र साथ प्राप्त स्वास्थ्य मन्त्रालयको ५ बेडको अस्पताल संचालन सम्बन्धी मार्ग दर्शन बमोजिम यस नगरपालिकाको वडा नं. १० खोपासी स्थित प्राथमिक स्वास्थ्य केन्द्रको कम्पाउण्ड हाताभित्र उक्तानुसारको अस्पताल संचालन गर्ने निर्णय गरियो । साथै अस्पताल संचालनका लागि संरचनागत लगायत पूर्वाधार समेतको आवश्यक व्यवस्था र समन्वय स्वास्थ्य शाखाले मिलाउने ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) धुलिखेल काभ्रेपलाञ्चोकको मिति ०७७।०६।०२ को प्राप्त पत्रानुसार यस नगरपालिकाको वडा नं. १० खोपासी र वडा नं. ८ सुन्यानमा संचालित प्राथमिक स्वास्थ्य केन्द्रको भवन सेवा संचालनका क्रममा अपुग रहेकोमा चालु आ.ब. ०७७/७८ को कार्यक्रम बमोजिम उक्त दुवै संस्थामा न्यूनतम डिजाईन टाईप PHB-3 को भवन निर्माणका लागि न्यूनतम ७/७ रोपनी जग्गा उपलब्ध भएको हुँदा उल्लेखित संस्थाको भवन निर्माणका लागि सिफारिश गर्ने निर्णय गरियो । साथै जग्गाको आवश्यक विवरण सहितका कागजात सम्बन्धित स्वास्थ्य संस्थाले उपलब्ध गराउने ।

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक, बागमती प्रदेश नेपाल
२०७३

निर्णय प्रमाणित